# हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड

नयाँ वानेश्वर, काठमाण्डौ।

## कम्पनीको बाह्रौं वार्षिक साधारण सभामा भएको काम कारबाहीको विवरण (माइन्यूट)

यस हाइड्रोइलेक्ट्रीसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको बाह्रौं वार्षिक साधारण सभा मिति २०८० साल पौष २९ गते आइतबार बिहान १०:०० बजेदेखि वानेश्वर ब्याङ्केट, नयाँ वानेश्वर, काठमाण्डौमा बस्यो। साधारण सभाको उपस्थिति, प्रस्तावहरु, छलफल, सूचना प्रकाशन, गणपूरक संख्या, सभाको वैधानिकता, अध्यक्षता, सभा सञ्चालन तथा प्रतिवेदन प्रस्तुति, निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण निम्न अनुसार रहेको छः-

**सभामा उपस्थितिः**

<u>सञ्चालकहरुको उपस्थिति</u>

| | | |
|---|---|---|
| १. | श्री गोपाल प्रसाद सिग्देल<br>सचिव, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | -अध्यक्ष |
| २. | श्री राम प्रसाद आचार्य<br>सहसचिव, अर्थ मन्त्रालय | -सञ्चालक |
| ३. | श्री राजेश्वर ज्ञवाली<br>सहमहालेखा नियन्त्रक, महालेखा नियन्त्रक कार्यालय | -सञ्चालक |
| ४. | श्री जितेन्द्र धिताल<br>प्रशासक, कर्मचारी सञ्चय कोष | -सञ्चालक |
| ५. | श्री सुधीर ज्ञवाली<br>सर्वसाधारण शेयरधनीहरुको तर्फबाट | -सञ्चालक |
| ६. | श्री माधव प्रसाद कोइराला<br>स्वतन्त्र सञ्चालक | -सञ्चालक |

<u>शेयरधनीहरुको उपस्थितिः</u>

**(क) संस्थापक शेयरधनीहरु (अन्य संस्थापक समूह बाहेक) को तर्फबाट प्रतिनिधित्व गरी स्वयम् उपस्थिति — जम्मा ७ जना**

१. श्री युवराज अधिकारी, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, अर्थ मन्त्रालय

२. श्री गोपाल कडरिया, शाखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, ऊर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालय

३. श्री सीता पुन श्रीस, उपसचिव
प्रतिनिधि, नेपाल सरकार, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

४. श्री डिल्ली अधिकारी, लेखा अधिकृत
प्रतिनिधि, नेपाल सरकार, महालेखा नियन्त्रक कार्यालय

५. श्री रामचन्द्र पोखरेल, प्रवन्धक
प्रतिनिधि, कर्मचारी सञ्चय कोष

६. श्री प्रविन लुँइटेल, सहायक व्यवस्थापक
प्रतिनिधि, राष्ट्रिय वीमा संस्थान

७. श्री हरिश्चन्द्र श्रेष्ठ, वरिष्ठ अधिकृत
प्रतिनिधि, नागरिक लगानी कोष

**(ख) अन्य संस्थापक समूहका शेयरधनीहरुको उपस्थितिः** १८ जना (५२,६५१ कित्ता शेयर)

**(ग) सर्वसाधारण शेयरधनीहरु (समूह "ख") को उपस्थितिः** ३०२ जना (१२९,५९४ कित्ता शेयर)

<u>कम्पनीका कर्मचारीहरुको उपस्थितिः</u>

१. श्री अर्जुन कुमार गौतम, प्रमुख कार्यकारी अधिकृत
२. श्री अरुण रजौरिया, नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री जिवन कुमार बस्नेत, नायव प्रमुख कार्यकारी अधिकृत / कम्पनी सचिव
४. श्री वासुदेव भण्डारी, प्रमुख प्रवन्धक
५. श्री रमेश पनेरु, वरिष्ठ प्रवन्धक
६. श्री दिपक पौडेल, प्रवन्धक
७. श्री पर्शुराम बोगटी, प्रवन्धक
८. श्री कौशल राज अधिकारी, वातावरण तथा सामाजिक सुरक्षा अधिकृत
९. श्री सरोज पौडेल, वरिष्ठ अधिकृत
१०. श्री सुरज ज्ञवाली, अधिकृत
११. श्री भरत बराल, अधिकृत
१२. श्री प्राज्ञिक तिमिल्सिना, अधिकृत
१३. श्री सुरेन्द्र सिनाल, अधिकृत

**छलफलका विषयहरुः**

**१) साधारण प्रस्तावः**

१) आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२) आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।

३) श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।

४) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) का दरले हुने रू. १,१९,८७,२६,२८३।- (अक्षरेपी एक अर्ब उन्नाइस करोड सतासी लाख छब्बीस हजार दुई सय त्रियासी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने। *(कम्पनी ऐन, २०६३ को दफा १८२ को उपदफा (२) मा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको कम्पनीले नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र लाभांश वितरण गर्न सक्नेछ भन्ने व्यवस्था रहेकोले प्रस्तावित नगद लाभांश नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात मात्र वितरण गरिनेछ।)*

**२) विशेष प्रस्तावः**

१) कम्पनीको नियमावलीमा संशोधन गर्ने।

२) कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. ३७४,४१४।- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।

**३) विविध।**

**सभाको सञ्चालनः**

**१. सूचना प्रकाशनः**

मिति २०८०/०९/०४ गते बसेको सञ्चालक समितिको २८७औं निर्णयानुसार कम्पनीको बाह्रौं वार्षिक साधारण सभा सम्बन्धमा कम्पनी ऐन को दफा ६७ तथा कम्पनीको नियमावलीको नियम १८ अनुसार मिति २०८०/०९/०६ गते प्रथम पटकको सूचना नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा कम्पनी ऐन, २०६३ को दफा ८४ बमोजिमको संक्षिप्त आर्थिक विवरण सहित मिति २०८०/०९/०८ गते दोश्रो पटकको गरी दुई पटक सूचना प्रकाशन गरी शेयरधनी महानुभावहरुलाई बाह्रौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल गरिने विषयहरु तथा कम्पनीको संक्षिप्त आर्थिक विवरणका बारेमा जानकारी गराइएको

थियो।

यसका अतिरिक्त बाह्रौं वार्षिक साधारण सभाका बारेमा शेयरधनीहरुलाई सु-सूचित गराउन वार्षिक प्रतिवेदन, वित्तीय विवरण, प्रवन्धपत्र तथा नियमावलीको प्रस्तावित संशोधनको तीन महले विवरण लगायतका सूचना तथा जानकारीहरु कम्पनीको सूचना पाटी र कम्पनीको वेबसाइट www.hidcl.org.np मा समेत नियमित रुपले राखिएको थियो। साथै, आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण गरिएको आर्थिक विवरण तथा सञ्चालक समितिको प्रतिवेदन सहितको वार्षिक प्रतिवेदन कम्पनीको कार्यालय, नयाँ वानेश्वर, काठमाण्डौबाट वितरणको व्यवस्था गरिएको थियो।

यस बाह्रौं वार्षिक साधारण सभाको बारेमा कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, महालेखापरीक्षकको कार्यालय र नेपाल राष्ट्र बैंकमा सेमत जानकारी गराइएको थियो।

## २. साधारण सभाको गणपूरक संख्याको आधिकारिकताः

कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ मा भएको व्यवस्था अनुसार कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५०% भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयं वा आफ्नो प्रतिनिधि मार्फत उपस्थिति नभई सभाको काम कारवाही हुने छैन भन्ने उल्लेख गरिएकोमा यस सभामा कम्पनीका ७ जना संस्थापक शेयरधनीहरुबाट ७१.२ प्रतिशत शेयरको प्रतिनिधित्व भएको तथा अन्य संस्थापक उपसमूहबाट ०.३४ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै १८ जना शेयरधनीहरु र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट ०.२६ प्रतिशत शेयरको प्रतिनिधित्व गर्दै ३०२ जना शेयरधनीहरुको उपस्थिति भएको यस सभाको हाजिरी पुस्तिकामा देखिएको हुनाले बाह्रौं वार्षिक साधारण सभाको काम कारवाहीका लागि गणपूरक संख्या पुगेको यकिन गरियो।

## ३. सभा सञ्चालनको लागि वैधानिकताको यकिन तथा सभाको अध्यक्षताः

बाह्रौं वार्षिक साधारण सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा कम्पनीको नियमावलीको नियम २३ बमोजिमको गणपूरक संख्या पुगेको कुरा शेयरधनीहरुको हाजिरी पुस्तिकाबाट देखिएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभाको वैधानिकता माथि छलफल गर्दा कम्पनी ऐन, २०६३ र कम्पनीको नियमावली बमोजिम शेयरधनीहरुलाई समयमा नै सूचना प्रकाशित गरी जानकारी गराइएको देखिएको हुँदा यस बाह्रौं वार्षिक साधारण सभा रीतपूर्वक बोलाइएको पाईएको भनी उपस्थित शेयरधनीहरुबाट सभाको काम कारवाही गर्न स्वीकृति प्राप्त भए बमोजिम कम्पनी सचिवबाट जानकारी गराई सभाको काम कारवाही शुरु गर्न सभाले जिम्मेवारी प्रदान गर्‍यो।

कम्पनी ऐन, २०६३ को दफा ७४ तथा कम्पनीको नियमावलीको नियम १९ मा व्यवस्था भए बमोजिम

कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री गोपाल प्रसाद सिग्देलको अध्यक्षतामा यस बाह्रौं वार्षिक साधारण सभाको काम कारवाही शुरु गरियो।

## ४. सभा सञ्चालन तथा सञ्चालक समितिको प्रतिवेदन प्रस्तुतिः

सभाका अध्यक्ष श्री गोपाल प्रसाद सिग्देलले आफ्नो मन्तव्य सहित सञ्चालक समितिको २८७औं बैठकबाट स्वीकृत भए अनुसारको सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभामा प्रस्तुत गर्नुभयो। सञ्चालक समितिको उक्त प्रतिवेदन सहितको कम्पनीको आर्थिक वर्ष २०७९/८० का वित्तीय विवरणहरु, लेखापरीक्षकको प्रतिवेदन र कम्पनीको सञ्चालक समितिबाट पेश गरिएका प्रस्तावहरु उपर छलफल गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा, सुझाव आदि भए सभामा व्यक्त गर्न अध्यक्षले शेयरधनी महानुभावहरुलाई आव्हान गर्नु भयो।

## ५. शेयरधनीहरुको राय तथा सुझावः

सभामा प्रस्तुत गरिएको वार्षिक प्रतिवेदन एवं प्रस्तावहरु उपर छलफल हुँदा देहाय अनुसारका शेयरधनीहरुले आ-आफ्नो राय, जिज्ञासा र सुझावहरु व्यक्त गर्नु भयोः-

१) शेयरधनी कर्मचारी सञ्चय कोषबाटका प्रतिनिधि श्री रामचन्द्र पोखरेलले समयमै लेखापरीक्षण सम्पन्न गरी वार्षिक साधारण सभा आयोजना गर्न कम्पनी सफल भएकामा बधाई तथा धन्यवाद ज्ञापन गर्नुभयो। साथै, अन्य कतिपय बैंक तथा वित्तीय संस्थाहरुले समेत यस वर्ष कुनै लाभांश दिन नसकेको अवस्थामा यस कम्पनीले नगद लाभांश प्रदान गर्नसक्नु एकदमै सह्रानीय रहेको विचार व्यक्त गर्नुभयो। वहाँले कम्पनीले सहवित्तीयकरण समूहको नेतृत्व गर्ने स्वीकृति प्राप्त भई आफ्नै अगुवाईमा ऋण व्यवस्थापन गर्ने प्रक्रिया अगाडि बढाएकोमा सराहाना गर्दै सहवित्तीयकरण समूहको अगुवा गर्न सक्ने गरी कम्पनीको संस्थागत क्षमता अभिवृद्धि गर्दै लैजानुपर्ने विषयमा सुझाव दिनुभयो। नेपाल सरकारको वार्षिक बजेट तथा कार्यक्रममा कम्पनीको पुनरसंरचना गर्ने र नवीनतम वित्तीय उपकरणहरुको प्रयोग गरी वित्तीय स्रोतको सङ्कलन गर्ने विषय समावेश हुँदा कम्पनीको साख तथा जिम्मेवारी दुवै वृद्धि भएको विषयको प्रशंसा गर्दै सो कार्यक्रम कार्यान्वयन गर्ने तर्फ अगाडि बढ्नुपर्ने सुझाव दिनुभयो। विगत एक वर्षको छोटो अवधिमा नै कम्पनीले ३० अर्ब रुपैयाँ बराबरको लगानी स्वीकृत गर्नसक्नु एकदमै उत्साहजनक उपलब्धि भएको दर्शाउँदै  कम्पनीको कोषमा भएकोमध्ये अझ पनि उल्लेख्य रकम बैंकमा नै रहेकाले सो लगानी आयोजनामा प्रवाह गर्ने गरी विशेष पहल गर्नुपर्ने सुझाव दिनुभयो। साथै, कम्पनीको व्यवसाय वृद्धिसँग कम्पनीमा कार्यरत कर्मचारीको क्षमता अभिवृद्धि गर्ने र अन्य समान प्रकृतिका वित्तीय संस्था र सार्वजनिक संस्थाहरुमा प्रचलित व्यवस्था बमोजिम प्रतिस्पर्धी सेवा सुविधा अवलम्बन गर्दै कर्मचारीको मनोबल वृद्धि गर्ने तर्फ समेत विशेष ध्यान पुऱ्याउन आवश्यक रहेको सुझाव प्रदान गर्नुभयो।

२) शेयरधनी श्री दिवाकर धितालले नगद लाभांश प्रदान गरिएकोमा धन्यवाद दिँदै आगामी दिनमा समेत शेयरधनीहरुलाई प्रतिफल प्रदान भइरहनेछ भन्ने अपेक्षा व्यक्त गर्नुभयो। वहाँले कम्पनीले अगाडि बढाएको संस्थापक शेयरको लिलाम विक्री प्रक्रिया टुङ्गोमा पुऱ्याउने गरी कार्य गर्न सुझाव दिनुभयो।

३) शेयरधनी श्री नीरुपमा गुप्ताले लिखित सन्देश मार्फत वार्षिक साधारण सभा पौष महिना भन्दा अगावै गर्न र सञ्चालन खर्चमा मितव्ययिता अपनाउन सुझाव दिनुभयो। साथै, आगामी वर्षहरुमा कम्पनीलाई प्रगतिपथ तर्फ अगाडि बढाउन रणनीतिक योजना र समयसापेक्ष लगानी नीति तथा कार्ययोजना तजुर्मा गर्दै लैजान सुझाव दिनुभयो।

सभामा विभिन्न शेयरधनीहरुबाट व्यक्त गरिएका राय एवं सुझावहरुका लागि धन्यवाद दिँदै प्रमुख कार्यकारी अधिकृत श्री अर्जुन कुमार गौतमले शेयरधनीहरुबाट उठेका जिज्ञासाहरुको जवाफ दिनुभयो र शेयरधनीहरुबाट प्राप्त महत्वपूर्ण सुझावहरुको कार्वान्वयन गर्न कम्पनी सदैव प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दै आगामी दिनमा समेत कम्पनीले राष्ट्रको विकास नीतिलाई प्राथमिकतामा राखेर शेयरधनीहरुलाई उच्चतम प्रतिफल प्रदान गर्ने विषयमा कम्पनीको ध्यान केन्द्रित रहने जानकारी गराउनुभयो।

**६. प्रस्तावहरु उपर छलफल तथा निर्णयहरुः**

**(क) सामान्य प्रस्तावहरुः**

**प्रस्ताव नं. १: आर्थिक वर्ष २०७९/८० को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।**

निर्णयः सञ्चालक समितिका तर्फबाट पेश भएको कम्पनीको आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन माथि सभामा छलफल गरी पारित गर्न अध्यक्षले सभामा निर्णयार्थ प्रस्तुत गर्नुभएकोमा सो प्रतिवेदन सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. २: आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षकको प्रतिवेदन सहित २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने।**

निर्णयः लेखापरीक्षक चार्टर्ड एकाउन्टेण्ट श्री सृष्टी कोइरालाबाट कम्पनीको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षण कार्य सम्पन्न गरी जारी गरिएको लेखापरीक्षकको प्रतिवेदन तथा २०८० आषाढ मसान्तको वासलात, आर्थिक वर्ष २०७९/८० को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ३: श्री महालेखापरीक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चालु आर्थिक वर्ष २०८०/८१ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने।**

निर्णयः कम्पनीको लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम श्री महालेखापरीक्षकको कार्यालयको मिति २०८०/०९/२९ को प.सं. २०८०/८१,च.नं. ११८ को पत्रबाट नियुक्तिका लागि परामर्श प्रदान गरिएका चार्टर्ड एकाउन्टेन्ट श्री ठाकुर प्रसाद अधिकारीलाई चालु आर्थिक वर्ष २०८०/८१ का लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक रु. ३,३०,०००|- (अक्षरेपी तीन लाख तीस हजार मात्र) (मूल्य अभिवृद्धि कर बाहेक) निर्धारण गर्ने प्रस्ताव उपर छलफल भई सर्वसम्मतिबाट पारित गरियो।

**प्रस्ताव नं. ४: सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई चुक्ता पूँजीको चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) का दरले हुने रू. १,१९,८७,२६,२८३|-(अक्षरेपी एक अर्ब उन्नाइस करोड सतासी लाख छब्बीस हजार दुई सय त्रियासी मात्र) नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने।**

निर्णयः सञ्चालक समितिबाट प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ५.२६३% (पाँच दशमलव दुई छ तीन प्रतिशत) का दरले हुने रू. १,१९,८७,२६,२८३|- (अक्षरेपी एक अर्ब उन्नाइस करोड सतासी लाख छब्बीस हजार दुई सय त्रियासी मात्र) नगद लाभांश (कर सहित) प्रदान गर्न स्वीकृत गर्ने र कम्पनी ऐन,२०६३ को दफा १८२ को उपदफा (२) को अधिनमा रही नेपाल सरकारको स्वीकृति प्राप्त भए पश्चात सो लाभांश वितरण गर्ने सर्वसम्मतिबाट निर्णय गरियो।

<u>(ख) विशेष प्रस्तावहरुः</u>

**प्रस्ताव नं. १: कम्पनीको नियमावलीमा संशोधन गर्ने।**

निर्णयः सभाका अध्यक्षज्यूले कम्पनीको नियमावलीमा यसैसाथ संलग्न तीन महले बमोजिम संशोधन गर्न विशेष प्रस्ताव गर्नु भएकोमा सभामा बृहत छलफल गर्दा कम्पनीको नियमावलीमा देहाय बमोजिम संशोधन गर्न सर्वसम्मतिबाट पारित गरियो।

## <u>नियमावलीको संशोधन</u>

१. <u>नियमावलीको नियम २७ मा संशोधनः</u> नियमावलीको नियम २७ को उपनियम (२) को खण्ड (क) को बूँदा नं. (३) र (४) को सट्टा देहायको बूँदा नं. (३) र (४) राखिएको छः-

"(३) नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट दुई वर्षमा पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)

(४) कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा दुई वर्षमा पालोक्रम अनुसार १ जना (कार्यकारी प्रमुख वा सो भन्दा एक तह मुनिको पदाधिकारी)"

**प्रस्ताव नं. २ः** **कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा कम्पनीबाट रु. ३७४,४१४|- बराबरको खर्च भएकोमा सो को अनुमोदन गर्ने।**

निर्णयः कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा मिति २०७९/१२/१६ मा बसेको सञ्चालक समितिको २७८औं बैठकको निर्णय बमोजिम कम्पनीबाट रोल्पा जिल्लाको रोल्पा नगरपालिकामा अवस्थित माडी जलविद्युत आयोजनाको साइट कार्यालयमा रहेका रु. ३७४,४१४|- बराबरको किताबी मूल्य रहेका फर्निचर, कम्प्युटर लगायतका सामाग्री रोल्पा नगरपालिकालाई प्रदान भएकोमा कम्पनी ऐन, २०६३ को दफा १०५ बमोजिम सो खर्चको अनुमोदन गर्न सभाका अध्यक्षज्यूले सभामा पेश गर्नु भएको विशेष प्रस्ताव सर्वसम्मतिबाट पारित गरियो।

**(ग) विविधः** यस बाह्रौं वार्षिक साधारण सभामा निर्धारित प्रस्ताव सूची अन्तर्गत विविध शीर्षक अन्तर्गत छलफलको लागि कुनै विषय नभएको व्यहोरा कम्पनी सचिवबाट सभालाई जानकारी भयो।

**७. धन्यवाद ज्ञापन तथा सभा विसर्जनः**

यस कम्पनीको बाह्रौं वार्षिक साधारण सभामा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली अनुसार सूचना प्रकाशित गरी सभा बस्ने मिति, समय र स्थान र सभामा छलफल गरिने प्रस्तावहरु उल्लेख गरिए बमोजिम र कम्पनीका शेयरधनी महानुभावहरुलाई पत्राचार एवम् सूचना प्रवाह गरे बमोजिम सभास्थलमा तोकिएकै समयमा शेयरधनीहरु, कम्पनीका सञ्चालकहरु तथा विभिन्न निकायका प्रतिनिधिहरु उपस्थित हुनुभई बाह्रौं वार्षिक साधारण सभामा छलफल गर्ने विषय सूची अनुसार छलफल गरी प्रस्तावहरु पारित भएकोले सभाका अध्यक्षज्यूबाट यस सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुले सकारात्मक तथा सक्रिय रुपमा छलफलमा सहभागी हुनुका साथै रचनात्मक सुझाव एवं सल्लाह प्रदान गर्नुभएकोमा धन्यवाद प्रदान गर्नु भयो। साथै, यस बाह्रौं वार्षिक साधारण सभा व्यवस्थित रुपमा सफलतापूर्वक सञ्चालन गरी सम्पन्न गर्न भूमिका खेल्नुहुने कम्पनीका सञ्चालकहरु, कम्पनीका प्रमुख कार्यकारी अधिकृत लगायत कम्पनीका सम्पूर्ण कर्मचारीहरु, शेयर रजिष्ट्रार तथा अन्य सहयोगी व्यक्ति तथा संस्थाहरु सबैलाई धन्यवाद दिँदै कम्पनीको बाह्रौं वार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो।

## हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेडको (बाह्रौं संशोधन) नियमावली, २०८०

## तीन महले

| विद्यमान व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको कारण |
|---|---|---|
| **नियम २७ को उपनियम (२) को खण्ड (क) को बूँदा नं. (३) र (४) मा संशोधन-**<br>(३) नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)<br>(४) कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा आपसी सहमतिमा पालोक्रम अनुसार १ जना (कार्यकारी प्रमुख वा सो भन्दा एक तह मुनिको पदाधिकारी) | **नियम २७ को उपनियम (२) को खण्ड (क) को बूँदा नं. (३) र (४) को सट्टा देहायको बूँदा नं. (३) र (४) राखिएका छन्-**<br>(३) नेपाल सरकार, कानून, न्याय तथा संसदिय मामिला मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयबाट दुई वर्षमा पालोक्रम अनुसार १ जना (सचिव वा सहसचिव)<br>(४) कर्मचारी सञ्चय कोष, राष्ट्रिय बीमा संस्थान र नागरिक लगानी कोषबाट शेयर स्वामित्वका आधारमा दुई वर्षमा पालोक्रम अनुसार १ जना (कार्यकारी प्रमुख वा सो भन्दा एक तह मुनिको पदाधिकारी) | सञ्चालक समितिको २७९औं बैठकको निर्णय बमोजिम संस्थापक शेयरधनीहरुबाट पालोक्रममा सञ्चालक समितिमा प्रतिनिधित्व हुने अवधि नियमावलीमा तोक्न सिफारिस देखिएकाले। |